United States Embassy
Kathmandu, Nepal

Public Affairs Section
☎: +977-1-4007200
🖷: +977-1-4007280

२०६८ माघ ३

# नेपालमा *पीस कोर*को फिर्ती मनाइदै

*पीस कोर* सात वर्षको अन्तरालपछि नेपाल फर्किएको छ । *पीस कोर*को फिर्तीका लागि नेपाल सरकारको सहयोग सहायक रहेको छ । *पीस कोर*को फिर्तीको अवसरमा काठमाडौंमा आज दुईवटा कार्यक्रमहरुको आयोजना गरियो । पहिलो कार्यक्रमको आयोजना प्रधानमन्त्री भट्टराईले आफ्नो कार्यालय सिंहदरबारमा गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रधानमन्त्री भट्टराईले भन्नुभयो, "नेपालमा *पीस कोर*को फिर्ती भएकोमा म निकै खुशी छु । सन् १९६० को दशकको पूर्वार्धयता हजारौं स्वयंसेवकले नेपालभरिका विभिन्न जिल्लामा आफ्ना सेवा प्रदान गरेका छन् । मलाई याद छ सन् १९६० र ७० को दशकमा गणित र विज्ञानजस्ता विषयका शिक्षकका लागि ती स्वयंसेवकहरु एउटा ठूलो स्रोतको रुपमा रहेका थिए । अमेरिकी विकास नियोगको सहयोगमा कृषि र स्वास्थ्यको क्षेत्रमा योगदान पुर्याउन स्वयंसेवकहरु पुन: फर्केर आउन लागेको कुरामा म निकै खुशी छु । ती सहयोगको खाँचो भएका क्षेत्र हुन्, र *पीस कोर*लाई पुन: प्रस्तरण गर्न लागिएको निर्णयको म स्वागत गर्दछु ।"

त्यसपछि राजदूत डेलेसीले आफ्नो निवासमा *पीस कोर*का शुभेच्छुकहरुका लागि एक कार्यक्रमको आयोजना गर्नुभयो ।

"नेपालमा *पीस कोर*को फिर्ती अमेरिका र नेपालबीच सन् १९५१ मा आरम्भ भएको विकास साझेदारी तथा त्यसपछि विकसित गहिरो र लामो समयदेखि चलिरहेको सम्बन्धको प्रतीक हो," अमेरिकी राजदूत स्कट एच् डेलेसीले भन्नुभयो । "म यस राष्ट्रको भविष्यप्रति आशावादी छु र मलाई लाग्छ *पीस कोर*को फिर्तीले नेपाल सही दिशातर्फ उन्मुख छ भन्ने कुरामा अमेरिकी सरकार र *पीस कोर*को नेतृत्वबीच रहेको साझा विश्वासको प्रभावकारी सन्देश गएको छ ।"

*पीस कोर*को करीब २० जनाको पहिलो समूह यही वर्ष नेपाल आइपुग्ने कार्यक्रम रहेको छ । अमेरिकी विकास नियोगको *पीस* कोरसँगको सहकार्य अमेरिकी सरकारको नेपालसँग साझेदारी भई चालू भैरहेका *फीड द फ्युचर* र 'विश्वव्यापी स्वास्थ्य पहल' जस्ता कार्यक्रमका सबल पक्ष तथा रणनीतिहरु कार्यान्वयन गर्नेतर्फ प्रयासरत् हुनेछ । *पीस कोर*का स्वयंसेवीहरु कृषि तथा पोषण क्षेत्रमा तालिम प्राप्त हुनेछन् । उनीहरुले माथि उल्लिखित अमेरिकी राष्ट्रपतिका दुई

United States Embassy
Kathmandu, Nepal

Public Affairs Section
☎: +977-1-4007200
🖷: +977-1-4007280

पहलहरुका सन्दर्भमा नेपालको खाद्य सुरक्षा तथा नेपालीहरुको स्वास्थ्यस्तर वृद्धि गर्न ग्रामीण समुदायसँग मिलेर काम गर्नेछन् ।

दुबै कार्यक्रमका तस्वीरहरू यहाँ उपलब्ध छन्:
http://www.flickr.com/photos/usembassykathmandu/sets/72157628910040525/

र राजदूत स्कट एच् डेलेसीका भाषणहरू यहाँ उपलब्ध छन्:
http://nepal.usembassy.gov/sp-01-17a-2012.html
http://nepal.usembassy.gov/sp-01-17-2012.html

#####